# प्रेस विज्ञप्ती - १३२
# Press Release-132

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

मिति:-२०७१/१२/२२ गते

## अवैध लागू औषध कोकिन ११ के.जि. सहित विदेशी महिला पक्राउ

मिति २०७१।१२।२० गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट Marina Binti Jamaluddin, **बर्ष ३६ की पासपोर्ट नं. A34891381 वाहक मलेशियन महिला ११ के.जी. कोकिन सहित पक्राउ परेकी छन् । निजलाई कतार एअरबेजको उडान नं. QR 651 द्वारा काठमाण्डौंबाट दोहा हुंदै इटालीको रोम जान लागेको अवस्थामा** मिति २०७१।१२।२० गते **सांझको १९:०० बजे** त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा चेकजांचको क्रममा ५ बटा ल्यापटको ब्याग भित्र फल्स बटम वनाई लुकाई छिपाई गरी लैजाने क्रममा लागू औषध नियन्त्रण द्वारा खटिईएको टोलीले पक्राउ गरेको छ । निज मलेसियन महिला मिति २०७१।१२।१६ गते काठमाण्डौं आएको र निजले Embassy of Nepal Kualalumpur बाट १५ दिनको Tourist Entry Visa लिई काठमाण्डौं लाजिम्पाट स्थित एक अपार्टमेन्टमा चार दिन बसेको अनुसन्धानको क्रममा खुल्न आएको छ ।

साथै कोकिन कारोबार गर्ने गिरोहमा बिदेशी मूलका नागरिकहरु संलग्न रहेको समेत निजले खुलाएकी छिन् । उक्त बरामद गरिएको लागू औषध कोकिनको अवैध अन्तराष्ट्रिय बजार मूल्य प्रति के.जि. अन्दाजी दुई करोड नेपाली रुपैंया पर्ने गर्दछ । जस अनुसार बरामद गरिएको **लागू औषध कोकिन ११ के.जि.** को अवैध बजार मूल्य २२,००,०००००।- (बाईस करोड ) नेपाली रुपैंया हुन आउछ जुन हालसम्मकै नेपालमा पक्राउ तथा बरामद गरिएको सबै भन्दा ठुलो परिमाण हो ।

सो सम्बन्धमा लागू औषध नियन्त्रण ब्यूरोबाट थप अनुसन्धान भइरहेको छ ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com




04/04/2015 13:27




05/04/2015 12:18